**Reg. No. 681** **SWC Aff. No. 15556**

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

मति : २०७१/५/२१ गते ।

**विषय : पेस विज्ञप्ति ।**

संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा समेत दासप्रथाको अवशेषको रुपमा रहेको हलिया प्रथाको मुक्तिको घोषणा भएको आज ६ वर्ष पूरा भएको स्मरण गराउन चाहन्छौं । मुक्त हलियाको समस्याको हल गर्न नेपाल सरकार र सम्बद्ध पक्षको अदूरदृष्टि र वेवास्ताका कारण समस्या ज्यूका त्यूं रहेको छ । त्यसैले आजको दिनमा नेपाल सरकार र सम्बद्ध सरोकारवालाहरुलाई तत्काल निम्न जायज मागहरु सम्बोधन गर्न जोडदार माग गर्दछौं ।

१. मुक्त हलियाको पहिचान स्वरुप ३ महिनाभित्र छूट हलियाको पुन: तथ्याँक संकलन गर्ने, १ महिनाभित्र प्रमाणीकरण र वर्गीकरण सच्याउने, २ महिनाभित्र परिचयपत्र वितरण गरियोस् ।

२. मुक्त हलियाको पुन:स्थापनाका लागि हलिया श्रम निषेध गर्न बनेको ऐन तत्काल जारी गरियोस् ।

३. मुक्त हलिया पुन:स्थापनाका लागि अधिकार सम्पन्न मुक्त हलिया पुनस्थापना आयोग गठन गरियोस र यसलाई आवश्यकता अनुसार जिल्ला र गाविस स्तरमा समेत गठन गरियोस ।

४. मुक्त हलियाका लागि तराईमा १० कठ्ठा र पहाडमा १० रोपनीजग्गा उपलब्ध गराइयोस ।

५. मुक्त हलियाहरुले कम्तिमा ५ वर्षदेखि भोगचलन गर्दै आएको जमिन र घरवास स्थानीय सर्जमीनका आधारमा हलियाका नाममा दर्ता गरियोस ।

६. हाल भूमिसुधार तथा व्यवस्थामंत्रीको अध्यक्षतामा गठन भएको मुक्त हलिया पुन:स्थापना समस्या समाधान समिति विघटन गरी हलिया आन्दोलनको भावना संवोधन हुने गरी समितिको पुन:गठन गरियोस ।

७. मुक्त हलियाहरु र यसमा कार्यरत संगठनहरुको व्यापक सहभागितामा निर्माण भएको ३ वर्षे मोडालिटीलाई नेपाल सरकारले सरोकारवालाहरुसंग कुनै परामर्श नै नगरी परिमार्जन तथा संशोधन गरिएको हुनाले संशोधित मोडालिटी प्रति हाम्रो गम्भिर असहमति रहेको छ त्यसैले पहिलेकै ३ वर्षे मोडालिटीलाई यथावत रुपमा कार्यान्वयन गरियोस ।

८. नेपाल सरकार र हलिया आन्दोलनका बीचमा भएका २०६५ भाद्र २० गते भएको ५ बुंदे सहमति पश्चात भएको १० बुंदे सिफारिश र त्यसपछि पटक पटक भएका सहमति तथा सम्झौताहरु अक्षरस: कार्यान्वयन गरियोस ।

९. हलिया मुक्तिको घोषणा हुंदा हलियाका नाममा रहेको अनुचित ऋण खारेज भइसकेको सन्दर्भमा हाल जिल्लामा विभिन्न नामका तमसुक, भरपाई र कागजपत्रहरु देखिएकाले तत्काल खारेजीको निर्णय कार्यान्वयन गरियोस् ।

१०.नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा मुक्त हलिया पुन:स्थापनाका लागि विनियोजन गरिएको वजेट मुक्त हलियामा समेत समावेश गरिएकोले सो रकम हलिया पुन:स्थापना शिर्षकमा अलग गरियोस । साथै जिविस, नपा तथा गाविसका नियमित बजेटहरुमा मुक्त हलिया पुन:स्थापनाका लागि कम्तिमा १० प्रतिशत विनियोजित गरियोस ।

११. नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मंत्रालयले हालै गठन गरेको सुकुम्वासी समस्या समाधान आयोगलाई हलिया बाहुल्यता भएका जिल्लाहरुमा हलियाका लागि विशेष कार्यक्षेत्र बनाई पुन:स्थापनाको कामलाई तिव्रता दिइयोस ।

साथै वि.सं. २०३६ सालदेखि हलिया मुक्तिको सपना बोकेर हलिया मुक्ति आन्दोलनमा सक्रीय हलिया आन्दोलनका अग्रज तथा यसका शुभचिन्तकहरुमा हलिया मुक्ति दिवसको अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै पुन:स्र्थापनाको निर्णायक आन्दोलनमा थप सक्रीय हुन आव्हान गर्दछौं । र हलिया मुक्ति आन्दोलनको सूत्राधार संगठनका हैसियतले हाम्रो संगठन राष्टिय दलित नेटवर्क (RDN) निरन्तर संर्घरत रहने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छौं ।

गणेश वि.के.
अध्यक्ष